**निर्णयहरुः**

१. चालु आर्थिक बर्षमा तपसिलमा उल्लिखित कार्यको (DPR) तयारीका लागि तपसिल अनुसारको बजेट बिनियोजन भएकोमा उल्लिखित कार्यको लागि तपसिल अनुसार मात्र खर्च हुने हुँदा उक्त शीर्षकमा विनियोजित रकम मध्ये बाँकी रकमबाट तपसिलमा उल्लेख भए बमोजिमका थप आयोजनाहरुको विस्तृत आयोजना सर्भेक्षण प्रतिवेदन (DPR) तयार गर्ने ।

**क.सडकतर्फः**

| आयोजनाको नाम | बिनियोजित बजेट | सो कार्यका लगि खर्च हुने बजेट | अब बाँकी रहने बजेट | कैफियत |
|---|---|---|---|---|
| ठाडेदेखि वार्ड नं.६ वडा कार्यालय जाने सडक | १४०००००।- | २,७५,०००।- | ११,२५,०००।- | हाल काम हुँदै |
| घुन्सादेखी वार्ड नं.७ वडा कार्यालय जाने सडक | | | | हाल काम हुँदै |
| मिलनचोकबाट वार्ड नं.८ वडा कार्यालय हुँदै वार्ड नं.१० वडा कार्यालय जाने सडक | | | | IUDP ले गरेको |
| निशंखेबाट वार्ड नं.१ वडा कार्यालय जाने सडक | | | | हाल काम हुँदै |

**ख.पर्यटकीय क्षेत्र तथा अन्य भौतिक पूर्वाधारः**

| आयोजनाको नाम | बिनियोजित बजेट | सो कार्यका लगि खर्च हुने बजेट | अब बाँकी रहने बजेट | कैफियत |
|---|---|---|---|---|
| नगरपालिकाको प्रशासकीय भवन | ११,००,०००।- | ६,७८,०००।- | ४,२२,०००।- | काम हुँदै |
| नगर भ्यूटावरमा पर्यटकीय पूर्वाधार निर्माण | | | | काम हुँदै |
| स्थानीय खेल मैदानको पूर्वाधार निर्माण | | | | शहरी विकास विभागले गरेको |
| तलुवा कोटगढी पर्यटकीय पूर्वाधार निर्माण | | | | काम हुँदै |
| स्रष्टापार्क शहीदस्तम्भ पर्यटकीय पूर्वाधार निर्माण | | | | काम हुँदै |

माथि उल्लेख भए बमोजिम सडक र पर्यटकीय क्षेत्र तथा अन्य पूर्वाधार क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन तयारीका लागि बाँकी रहेको रकमबाट विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिने थप आयोजनाहरुको सम्बन्धमा आगामी नगर सभाद्वारा स्वीकृत भए बमोजिम गर्ने ।

२.क) यस कार्यालयको चालु आर्थिक बर्ष ०७६/०७७ मा प्रदेश सशर्त अनुदान र यस नगरपालिकाको अनुदानबाट सञ्चालन हुने गरी स्वीकृत मिलनचोक-खाद्य गोदाम-जिल्ला प्रशासन कार्यालय-हुलाकडाँडा साल्मेखोरिया-कृष्ण मन्दिर रमाइलोडाँडा सडक स्तरोन्नति कार्यको कुल लागत अनुमान

रु.१,३९,५२१९७।३४ को सार्वजनिक बोलपत्र आव्हान गरिंदा उल्लिखित कार्यको लागत अनुमान बमोजिमको काम रु.७६,८२,४८५।-(भ्याट सहित) मा सम्पन्न गराउने गरी पर्न आएको बोलपत्र स्वीकृत भई ठेक्का सम्झौता समेत भैसकेको हुँदा सो शीर्षकमा बाँकी रहने रकम रु.६२,६९,७११।५१ बाट चालु आ.व.मै तपसिल अनुसारको सडक स्तरोन्नति कार्यमा खर्च गर्ने ।

१. मिलनचोक-खाद्य गोदाम सडक खण्ड

२. कृष्ण मन्दिर साल्मे खोरिया खण्ड

३. रमाइलोडाँडा खण्ड

२. ख.) यस कार्यालयको चालु आर्थिक बर्ष ०७६/०७७ को स्वीकृत बजेट कार्यक्रम अनुसार योग भवन निर्माण कार्यको लागत अनुमान रु.५२९९६६२।३६ को को सार्वजनिक बोलपत्र आव्हान गरिंदा उल्लिखित कार्यको लागत अनुमान बमोजिमको काम रु.३७,४४,५८३।१८ (भ्याट सहित) मा सम्पन्न गराउने गरी पर्न आएको बोलपत्र स्वीकृत भई ठेक्का सम्झौता समेत भैसकेको हुँदा सो शीर्षकमा बाँकी रहने रकम रु.१५५५०७९।१८ बाट सोही भवनसँग सम्बन्धित अन्य पूर्वाधार संरचना निर्माण गर्ने ।

३. यस कार्यालय अन्तरगत सेवा करारमा काम गर्ने तपसिलमा उल्लिखित कर्मचारीहरुको सेवा करार सम्झौताको अवधि २०७६ पौष मसान्तपछि समाप्त भएको भए तापनि सो मिति पश्ताचः हालसम्म निजहरु लगातार रुपमा कामकाज गरी आएको र यस कार्यालयलाई निजहरुको सेवा अझ पनि आवश्यक पर्ने भएको हुँदा निजहरुको सेवा करार सम्झौताको म्याद मितिः२०७६ माघ १ देखि २०७७ साल असार मसान्त सम्मको लागि थप गर्ने ।

**क.नगर कार्यपालिका र मातहतका वडा कार्यालय अन्तरगतका अस्थायी तथा करारका कर्मचारीहरु :**

| सि.नं. | कर्मचारीको नाम, थर | पद | जिम्मेवारी तोकिएको शाखा तथा वडा कार्यालय |
|---|---|---|---|
| १ | पदम परियार | कम्प्युटर अपरेटर | कार्यालयको सूचना प्रविधि/सामाजिक सुरक्षा तथा पञ्जिकरण उप-शाखा |
| २ | कृष्ण प्रसाद चौलागाई | अमिन | कार्यालयको शहरी पूर्वाधार विकास शाखा, |
| ३ | टिका प्रसाद दाहाल | अ.स.ई. | कार्यालयको शहरी पूर्वाधार विकास शाखा, |
| ४ | ज्ञान बहादुर राई | अ.स.ई. | कार्यालयको शहरी पूर्वाधार विकास शाखा, |
| ५ | तेन्जी शेर्पा | हे.स.चा. | कार्यालयको प्रशासन शाखा |
| ६ | महेश मगर | हे.स.चा. | कार्यालयको प्रशासन शाखा |
| ७ | टेक प्रसाद अधिकारी | ह.स.चा. | कार्यालयको प्रशासन शाखा |
| ८ | अस्विन घिमिरे | ह.स.चा. | कार्यालयको प्रशासन शाखा |
| ९ | मदन तामाङ | का.स. | कार्यालयको राजश्व शाखा |
| १० | केशरी वि.क. | का.स. | कार्यालयको प्रशासन शाखा |
| ११ | सुर्य बहादुर वि.क. | चौकीदार | कार्यालयको प्रशासन शाखा |
| १२ | खुन्ते दमाई | कुचीकार | कार्यालयको प्रशासन शाखा |
| १३ | पूर्ण बहादुर श्रेष्ठ | का.स. | १ नं.वडा कार्यालय तलुवा |

| | | | |
|---|---|---|---|
| १४ | हितमान कटवाल | का.स. | २ नं.वडा कार्यालय ठुलाछाप |
| १५ | ऋषिराम ओझा | का.स. | ३ नं.वडा कार्यालय अँधेरी नारायणस्थान |
| १६ | गिता खत्री | का.स. | ३ नं.वडा कार्यालय अँधेरी नारायणस्थान |
| १७ | गोमा कटवाल | का.स. | ४ नं.वडा कार्यालय रुम्जाटार |
| १८ | रिता दाहाल धमला | का.स. | ५ नं.वडा कार्यालय बर्नालु |
| १९ | इद्ध बहादुर मगर | का.स. | ६ नं.वडा कार्यालय जन्तरखानी |
| २० | काजी शेर्पा | का.स. | ७ नं.वडा कार्यालय विगुटार |
| २१ | कृष्ण बहादुर गुरुङ्ग | का.स. | ८ नं.वडा कार्यालय सल्लेरी |
| २२ | कल्पना बुढाथोकी (बानिया) | का.स. | ९ नं.वडा कार्यालय ज्यामिरे |
| २३ | अनुसा कार्की | का.स. | ११ नं.वडा कार्यालय ओखलढुङ्गा |
| २४ | गितादेवी बस्नेत | का.स. | १२ नं.वडा कार्यालय ओखलढुङ्गा |
| २५ | विक्रान्त राई | का.स. | कार्यालयको पशुसेवा शाखा |
| २६ | नरेन्द्र कुमार दास यादब | का.स. | कार्यालयको पशु सेवा शाखा |

**ख.स्वास्थ्य तर्फका करारका कर्मचारीहरु :**

| | | | |
|---|---|---|---|
| १ | मिना पहाडी धमला | अ.न.मी. | स्वास्थ्य चौकी सल्लेरी |
| २ | अन्जु दाहाल धमला | अ.न.मी. | स्वास्थ्य चौकी बेतिनी |
| ३ | गिता धमला | अ.न.मी. | स्वास्थ्य चौकी सल्लेरी |
| ४ | अन्जु श्रेष्ठ | का.स. | स्वास्थ्य चौकी तलुवा |
| ५ | रेवतीराज दाहाल | का.स. | स्वास्थ्य चौकी नारायणस्थान |
| ६ | ललिता घिमिरे | का.स. | स्वास्थ्य कार्यालय रुम्जाटार |
| ७ | सरिता वि.क. | का.स. | स्वास्थ्य चौकी जन्तरखानी |
| ८ | मीना कुमारी कटवाल | का.स. | स्वास्थ्य चौकी विगुटार |
| ९ | सरस्वती तामाङ्ग | का.स. | कार्यालयको स्वास्थ्य शाखा |
| १० | लक्ष्मी खड्का | का.स. | शहरी स्वास्थ्य केन्द्र खोदम्पा |
| ११ | झनक धमला | का.स. | स्वास्थ्य चौकी सल्लेरी |
| १२ | कविता वास्तोला | का.स. | स्वास्थ्य चौकी बेतिनी |
| १३ | सुकु मगर | का.स. | स्वास्थ्य चौकी ज्यामिरे |
| १४ | सुजन ओझा | का.स. | कार्यालयको स्वास्थ्य शाखा |

**ग.शहरी स्वास्थ्य केन्द्रतर्फका करारका कर्मचारीहरुः**

| सि. नं. | कर्मचारीको नाम, थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | मुरारी चौधरी | अ.हे.व. | शहरी स्वास्थ्य केन्द्र कयरे, ओखलढुंगा |
| २ | फुलमाया श्रेष्ठ | अ.न.मी. | शहरी स्वास्थ्य केन्द्र कयरे, ओखलढुंगा |
| ३ | टिका बहादुर बानिया | का.स. | शहरी स्वास्थ्य केन्द्र कयरे, ओखलढुंगा |
| ४ | रञ्जना खड्का | अ.न.मी. | शहरी स्वास्थ्य केन्द्र कयरे, ओखलढुंगा |

घ. कानूनी सल्लाहाकार श्री उमेश कार्की

४. श्री सगरमाथा जनता माध्यमिक विद्यालय ओखलढुङ्गाका तत्कालीन प्रधानाध्यापक श्री माधव कुमार मास्के उमेर हदका कारण मिति:२०७६।८।१६ देखि अनिवार्य अवकास भई रिक्त रहेको सो विद्यालयको

प्रधानाध्यापक पदमा सोही विद्यालयका शिक्षक श्री डिल्लीराम कार्कीलाई नियुक्ति गरिदिन उक्त विद्यालय व्यवस्थापन समितिको मिति:२०७६।११।११ को वैठकको निर्णयको प्रतिलिपि र सोही विद्यालयको चलानी नं.१७६ मिति:२०७६।११।११ को सिफारिस पत्र पेश हुन आएकोमा पेश हुन आएका कागजातहरु यस नगरपालिकाको शिक्षा नियमावली, २०७५ को नियम ५१ को उपनियम (४) बमोजिम रहेकोले सिफारिस भै आए बमोजिम उक्त विद्यालयको प्रधानाध्यापकको जिम्मेवारीमा निज श्री डिल्लीराम कार्कीलाई नियुक्ति दिने ।

५. यस नगरपालिका अन्तरगत वार्ड नं.१२ मा सञ्चालित शहरी स्वास्थ्य केन्द्र कयरेको कार्यालय नगरपालिकाको वार्ड नं.१२ स्थित श्री रीता श्रेष्ठको घर बहालमा लिई सञ्चालन गरी आएकोमा हाल उक्त घरमा थप गरिएको पूर्वाधारको कारण कार्यालय सञ्चालन गर्न अनुकूल नभएको कारण सो वाहेक अन्य उपयुक्त घर बहालमा लिई कार्यालय सञ्चालन गर्ने व्यवस्था गरिपाउँ भनि सो केन्द्रको चलानी नं.१२ मिति:२०७६।११।१४ को पत्रबाट अनुरोध भै आएकोमा उक्त शहरी स्वास्थ्य केन्द्रको कार्यालय सञ्चालन प्रयोजनका लागि सोही क्षेत्रमा अन्य उपयुक्त घर वहालमा लिई केन्द्रको कार्यालय सञ्चालन गर्ने व्यवस्था गर्ने ।

६. यस नगरपालिकास्थित सदरमुकाम बजारको तपसिलमा उल्लिखित स्थानहरुमा यस कार्यालयबाट दिशा निर्देश बोर्ड राख्न लगाउँदा लाग्न गएको खर्च वापतको रकम रु.४८,०५१।७५ भूक्तानी दिने ।

दिशा निर्देश बोर्ड राखिएका स्थानहरु:

१.वार्ड नं.१२ गणेशटोल,

२.वार्ड नं.११ बाल मन्दिर,

३.वार्ड नं.११ खाद्य संस्थान,

४.वार्ड नं.११ मिलनचोक,

५.वार्ड नं.११ रमाइलोडाँडा जिरो प्वाइन्ट र

६.वार्ड नं.१२ को जिल्ला समन्वय समितिको कार्यालय नजिक

७. यस नगरपालिका अन्तरगत वार्ड नं.७ को चित्रे विगुटार सुर्के कच्ची सडकको विभिन्न ठाउँहरु ( लिन्चर खोला, दोल्पु खोला र घुन्सा समेत) का ठाउँहरुमा सडक मर्मत गरी आवागमन सुचारु गर्न यस नगरपालिकाको व्याक होई लोडरको अतिरिक्त ढुङ्गा, रोडा र चोकर ढुवानीका लागि भाडामा लिइएको ट्रयाक्टरको भाडा र कामदार ज्याला वापतको रकम रु.५०,०००।-यस कार्यालयको सडक मर्मत सम्भार कोषबाट भूक्तानी दिने ।

८.यस नगरपालिकालाई ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट चालु आर्थिक बर्षमा रु.एक लाख सशर्त बजेट प्राप्त भएकोमा उक्त बजेटबाट ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६ को दफा ४ र ५ मा व्यवस्थित आधार तथा मापदण्ड बमोजिम यस नगरपालिका अन्तरगतको १२ मा सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था मिलाउने ।

९.यस कार्यालयको नाममा रहेका सवारी साधनहरुमध्ये नगर कार्यपालिकाको कार्यालयमा कार्यरत विभिन्न शाखा उपशाखाका कर्मचारीहरुलाई कार्यालयको कामको सिलसिलामा प्रयोग गर्ने गरी उपलव्ध गराइएका दुई पाङ्ग्रे सवारी साधनहरु र कार्यालय आउँदा जाँदा र कार्यालयको कामको सिलसिलामा प्रयोगमा आउने सम्बन्धित कर्मचारीको निजी दुई पाङ्ग्रे सवारी साधनहरुलाई कार्यालयबाट हाल उपलव्ध गराइदै आएको इन्धन सुविधालाई थप मितव्ययी बनाई कामको प्रकृति, जिम्मेवारी र लागत अनुपात समेतको आधारमा उपलव्ध गराउनुपर्ने देखिन आएकोले अब उपरान्त तपसिलको मापदण्डको आधारमा प्रत्येक सवारी साधनको लगबुक अद्यावधिक गरी इन्धन उपलव्ध गराउने व्यवस्था गर्ने ।

| फिल्ड र कार्यालयमा बसी काम गर्नुपर्ने प्राविधिक कर्मचारीहरु ( न्यूनतम मासिक लि.) | कार्यालयको कामको सिलसिलामा कामकाज गर्नुपर्ने कर्मचारीहरुले प्रयोग गर्ने सरकारी/निजी सवारी साधनहरु ( न्यूनतम मासिक लि.) |
|---|---|
| १५ | १० |

माथि उल्लिखित कर्मचारीहरु कार्यालयको कामको सिलसिलामा कार्यालय बाहिर फिल्ड जानुपर्ने अवस्थामा औचित्य पुष्ट्याई गर्ने मागको आधारमा थप इन्धन सुविधा दिन सकिने ।

१०.यस कार्यालयबाट गरिने मालसामान, निर्माण, परामर्श सेवा वा अन्य सेवा खरिद सम्बन्धी प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ, विश्वासनीय र गुणस्तरीय बनाउन यस कार्यालयबाट देहाय बमोजिमको प्रक्रिया पूरा गरी खरिद गर्ने व्यवस्था गर्ने ।

१.कुनैपनि खरिद कार्यको स्वीकृति दिनुअघि खरिद इकाईको सिफारिस लिने,

२.खरिद गरिने सामानहरुको खरिद आदेश भर्दा र खरिद पश्चात: जिन्सी दाखिला गरिंदा भण्डार शाखाले तयार गरेको दाखिला प्रतिवेदन प्रशासन शाखा प्रमुखले चेक गरी फाँटवालाको महलमा दस्तखत गरेपछि मात्र स्वीकृतिका लागि पेश गर्ने ।

३.खरिद सम्बन्धी भएका निर्णयहरुको अभिलेख खरिद इकाइमा राख्ने ।

११.यस नगरपालिकाको पाँचौ नगर सभाको बैठक मिति:२०७६।११। २७ गते बिहान ११.०० बजेदेखि आरम्भ गर्ने र सो सभामा छलफलका लागि पेश गरिने देहाय बमोजिमका बिषयहरु सहित सबै सभासदहरुलाई उक्त नगर सभामा उपस्थित हुन सूचना दिने ।

क) चालु आर्थिक बर्ष ०७६/०७७ सम्मको स्वीकृत बजेट कार्यक्रम तथा हाल सम्मको वडा/शाखागत र नगरपालिका स्तरीय एकीकृत वित्तीय तथा भौतिक प्रतिवेदन प्रस्तुती, छलफल र निर्णय ।

ख)चालु आ.व.को लागि स्वीकृत बजेट तथा कार्यक्रमहरु मध्ये विशेष कारणवश संशोधन गरिनुपर्ने बजेट तथा कार्यक्रमहरुको कारण सहितको बिवरण उपर छलफल तथा निर्णय ।

ग) मौजुदा स्थानीय ऐनहरुको संशोधन प्रस्ताव उपर छलफल तथा निर्णय ।

१२.यस नगरपालिका अन्तरगत वार्ड नं.८ को सल्लेरीस्थित तामाङ्ग सेवा समाजद्वारा सञ्चालित ३ महिने लामा शिविर/ पाठशाला सञ्चालनका लागि रु.एक लाख अनुदान सहयोग गर्ने ।

१३. Good Governance (Denmark/Sweden/Norway) को Global Service Travel PVT. बाट Denmark मा आयोजना गरिने २ दिनको तालीम र ३ देशको Exclusive Governance तालीममा सहभागि हुन यस नगरपालिकाका प्रमुख र उपप्रमुखको नाम सिफारिस गरी प्रक्रिया अगाडी बढाएको हुँदा उक्त कार्यक्रममा नगर प्रमुख र उपप्रमुख सहभागि हुन जाँदा र आउँदा लाग्ने खर्च यस कार्यालयबाट व्यहोर्ने गरी सहमति दिने ।

१४. यस कार्यालयमा मौजुदा चार पाङ्ग्रे सवारी, ढुवानी तथा सार्वजनिक हितसँग सम्बन्धित साधनहरु ( दमकल १, टि्पर २, व्याक होइ लोडर १, हल्का सवारी साधन ३ र रोलर १ समेत ८ वटा) सञ्चालन गर्न हाल ४ जनामात्र सवारी चालकहरु कार्यरत रहेकोमा कार्यालयको कामको प्रकृति र कार्यबोझको आधारमा उपलब्ध सवारी चालकको जनशक्ति न्यून भएको देखिएकोले उल्लिखित प्रयोजनको लागि एक जना हल्का सवारी चालक सेवा करारमा लिई कामकाज गराउने व्यवस्थाका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

१५. चालु आर्थिक बर्ष ०७६/०७७ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत यस नगरपालिकाको पूर्वाधार विकास कार्यक्रमको लागि प्राप्त भएको अनुदान रु.६७,५०,०००।- बाट नगर क्षेत्रका तपसिलमा उल्लिखित आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

१) स्रष्टापार्कमा पर्यटकीय पूर्वाधार निर्माण वार्ड नं.१२ रु. २०,००,०००।-

२) नाल्सु भदौरे सडक निर्माण वार्ड नं.१ रु.७,००,०००।-

३) वानियाछाप ओखेनी सडक निर्माण वार्ड नं.३ रु.७,००,०००।-

४) विगुटक्सार सडक स्तरोन्नति वार्ड नं.७ रु. ७,००,०००।-

५) नलिडाँडा माझखर्क सडक निर्माण वार्ड नं.६ रु.१०,००,०००।-

६) कृष्ण मन्दिर पूर्वाधार निर्माण वार्ड नं.१२ रु.६,००,०००।-

७) गणेश मन्दिर निर्माण वार्ड नं.११ रु.२,००,०००।-

८) सामुदायिक गुठी भवन निर्माण वार्ड नं.११ रु.३,००,०००।-

९) प्रदेश नगरपालिका संघको बैठक तथा अन्तरक्रिया कार्यक्रम रु.२,००,०००।-

१०) पुष्पलाल स्मृति प्रतिष्ठान ओखलढुङ्गाको.लागि रु.३,५०,०००।-